# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


प.स. : २०८१/०८२
च.नं. :

मिति : २०८१/०४/०३
ने.सं. ११४४ दिल्लाथ्व १२, बिहीवार

## सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना !!!
## सूचना प्रकाशित मिति २०८१/०४/०३

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु आ.व. मा सामाजिक सुरक्षा प्राप्त गर्न तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था भए बमोजिम लाभग्राहीहरु स्वयम् वडा कार्यालयमा उपस्थित भई यहि **मिति २०८१ श्रावण १ देखि भदौ मसान्त** भित्र अनिवार्य रुपले आ-आफ्नो सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नुहुन अनुरोध छ । साथै बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिहरुको हकमा निजको आमा, बाबु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले समेत निवेदन दिन सक्नेछन् ।

**सामाजिक सुरक्षा भत्ता नविकरण गर्न वडा कार्यालयमा आवश्यक पर्ने कागजातहरुः**

* सामाजिक सुरक्षा भत्ताको परिचयपत्र नम्बर ।
* नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रिय परिचयपत्र नम्वर वा दुबै ।
* सक्कलै चेक १ प्रति ।
* १ प्रति हालसालै खिचेको लाभग्राहीको अटो साइजको फोटो ।
* बालबालिकाको हकमा जन्मदर्ताको साथै संरक्षकको नागरिकताको प्रतिलिपि ।
* विधवा महिलाको हकमा पतिको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस ।
* सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेको महिलाको हकमा सम्बन्ध विच्छेदको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस ।
* हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस ।
* अपाङ्ग भएका व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गताको परिचयपत्रको रङ्गिन प्रतिलिपि ।

नोटः **म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने छ र लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राहीमा सुचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।**

२०८१/०४/०२
गणेश वुढामगर
अधिकृत छैठौं